जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १२ • अंक ३६० • २०८२ कार्तिक १ गते शनिवार • 18 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




## एकडारा र सम्सी गाउँपालिकाका ३०८ बाढी पीडित परिवारलाई राहत वितरण

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३१ असोज**

महोत्तरी जिल्लाको एकडारा र सम्सी गाउँपालिकाका बाढी पीडितहरुलाई राहत वितरण गरिएको छ। दुवै पालिकाका ३०८ बाढी पीडित परिवारलाई राहत वितरण गरिएको हो।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहयोग तथा एकीकृत ग्रामीण विकास समाज बर्दिबास तथा दलित उत्थान समाज महोत्तरीको समन्वयमा एकडारा र सम्सी गाउँपालिकाका बाढी पीडितहरुलाई राहत वितरण गरिएको हो। एकडारा गाउँपालिकामा २५५ घरधुरी तथा सम्सी गाउँपालिकामा ५३ घरधुरीलाई राहत वितरण गरिएको ग्रामीण विकास समाज बर्दिबासका फिल्ड अफिसर राजीवकुमार झाले जानकारी दिनुभयो वडाले सिफारिस गरेका बाढी पीडितहरुलाई संस्थाका कर्मचारीहरुले जाँच पडताल गरेर वास्तविक बाढी पीडितहरुलाई मात्रै राहत वितरण गरिएको जनाइएको छ।




बाढी पीडितहरुलाई सोना मनसुली चामल २५ किलो, दाल दुई किलो, खानेतेल दुई लिटर, खानेनुन एक प्याकेट, त्रिपाल दुई थान, म्याट्रेस दुई थान, कम्बल दुई थान, डोरी दुई थान, सोलार लाइटलगायतका सामग्रीहरु वितरण गरिएको छ। एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलको विशेष उपस्थिति रहेको राहत वितरण कार्यक्रममा वर्ल्ड भिजन इन्टरनेशनल नेपालबाट दिलीपकुमार यादव, योभेन्द्र चौधरी, विनोद थापा मगर, तारा दाहाल, एकीकृत ग्रामीण विकास समाज बर्दिबासबाट उमेश न्यौपाने, कुमार भण्डारी, ऋषि चौलागाई, दीपेश श्रेष्ठ, राजीवकुमार झा, दलित उत्थान समाज महोत्तरीबाट उत्तिमचन्द्र चौधरी, देवी निरौला, सौरभ सुमन लगायतका उपस्थिति थियो। राहत वितरण कार्यक्रममा मन्तव्य राख्नुहुँदै एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले बाढी र डुबानले पीडामा रहेका गाउँपालिकाका बासिन्दालाई राहत वितरण गरेकोमा संस्थालाई धन्यवाद दिनुभयो। उहाँले बाढी र डुबान पीडितहरुलाई पालिकाबाट हरसम्भव सहयोग गरिने वाचा गर्नुभयो। एकडारा गाउँपालिका वडा ३ अजमरपट्टीका बाढीपीडित शिवजी मण्डलले तिहारको मुखमा आएर राहत दिएकोमा खुशी व्यक्त गर्नुहुँदै बाढी आएको दशदिन भइसक्दा समेत कसैले राहत दिन नआएको बताउनुभयो। असोज १८ गतेदेखि २० गतेसम्म तिन दिनसम्म लगातार परेको पानीको कारण महोत्तरी जिल्लाको विभिन्न ठाउँमा बाढी र डुबानको समस्या देखिएको थियो। सदरमुकाम जलेश्वरमा बाढी आएको साता दिनसम्म पानी जमेको कारण जलेश्वर नगरपालिकाले बिदासमेत दिनुपरेको थियो। जिल्लामा रातो, भव्सी, जंगहा, माढा, अंकुसी, बिगही लगायतका नदीहरु भरिभराउ भई जिल्लामा बाढी र डुबानको समस्या देखिएको थियो। यता केही दिन अगाडि सेभ द चिल्ड्रेनले रातो नदीको कारण बाढी पीडित बनेका जलेश्वर नगरपालिकाका १ र ८ नं वडाका ११२ परिवारलाई राहत वितरण गरेको थियो। जिल्लामा बाढी र डुबानबाट महोत्तरीका जलेश्वर नगरपालिका सहित बर्दिबास, औरही, भंगाहा सीतापुर, बलवा, महोत्तरी, रामगोपालपुर, मटिहानी र सम्सीका २२८ परिवारका ८२६ जना विस्थापित थिए भने बाढीमा डुबेर जलेश्वर ६ का एक ११ वर्षीय बालकको मृत्यु भएको थियो।

## जिल्ला प्रहरी कार्यालय महोत्तरीद्वारा ७० औँ प्रहरी दिवस धुमधामका साथ मनाईयो

**आरजे इर्शाद शेख**
**महोत्तरी, ३१ असोज**

जिल्ला प्रहरी कार्यालय महोत्तरीले विशेष कार्यक्रम आयोजना गरी ७०औँ प्रहरी दिवस धुमधामका साथ मनाएको छ। कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसालले देश र जनताको सुरक्षाका लागि समर्पित सम्पूर्ण प्रहरीहरूलाई प्रहरी दिवसको शुभकामना व्यक्त गर्नुभयो।



उहाँले प्रहरीलाई जिम्मेवारीपूर्वक र इमानदार भएर काम गर्न आग्रह गर्दै "प्रहरी जनताको सुरक्षाको पहिलो पंक्तिमा खटिने राज्यको मुख्य सुरक्षा निकाय हो, यसको अनुशासन, इमान र निष्ठा नै संस्थाको पहिचान हो," भन्नुभयो। सो अवसरमा जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक हेरम्भ शर्माले देश र जनताको सुरक्षाका लागि नेपाल प्रहरी सधैं अग्रपंक्तिमा रहँदै आएको बताउँदै सहिद प्रहरीहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले "अमर प्रहरीहरू हाम्रो गौरव हुन्, उनीहरूको सम्झनाले हामीलाई थप जिम्मेवार बनाउँछ," भन्नुभयो। कार्यक्रममा उत्कृष्ट कार्यका लागि प्रहरी नायब उपरीक्षक सैलेन्द्र भट, प्रहरी निरीक्षक अशोक झा, नन्दकिशोर चौहानसहित दर्जनौँ प्रहरीलाई प्रशंसा पत्रसहित सम्मान गरिएको थियो। त्यसैगरी देशका लागि ज्यान आहुति दिने अमर प्रहरीका परिवारलाई दोसल्ला र सम्मानपत्र प्रदान गरिएको थियो।

विगतमा सेवा पुऱ्याएका पूर्व प्रहरीहरूलाई पनि सम्मान गरी संगठनप्रतिको योगदानको कदर गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

**GALAXY SCHOOL/COLLEGE**
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

## धनतेरसको पूर्वसन्ध्यामा जनकपुरधाममा गोलि चल्यो,अध्यक्ष भण्डारीलाई कुटपिट

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ असोज**

जनकपुरधाम उपमहानगरपालिका अन्तर्गत सोनारपट्टीमा शुक्रबार धनतेरसको पूर्वसन्ध्यामा गोली चलेको छ। व्यवसायी संजय ठाकुरको संजय पायल ज्वेलर्समा प्रहरी छापा मार्न पुगेको थियो।





सो क्रममा व्यवसायीहरूले अवरोध गरेपछि प्रहरीले उद्योग वाणिज्य संघको अध्यक्ष सुरेन्द्र भण्डारीलाई निर्घात कुटपिट गर्नुका साथै गोली चलाएको थियो। व्यवसायीको अवरोधपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास समेत प्रहार गरेको थियो। साथै स्थानीय युवाहरुले प्रहरीलाई लखेटेका थिए भने प्रहरी विरुद्ध नाराबाजी समेत गरेका थिए।

बांकी पृष्ठ ४ मा


**दीपावली सतर्कतापूर्वक मनाऔं ।**

**दीपावलीको समयमा:**
मैनबत्ती, दियो विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,
**त्यसबाट बच्न:**
- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने, सामान नजिक नराखौं,
- बालबालिकाले भेट्ने गरी दियो, मैनबत्तीलगायतका प्रज्वलनशील पदार्थ नराखौं,
- पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं,
- धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत सट भई आगो लाग्न सक्ने हुँदा कम प्रयोग गरौं,
- एक्सटेन्स प्लगको क्षमताअनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।

*आगजनीबाट बचौं र बचाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
www.jaleshwortoday.com



# पशुपति म अनि उसको याद

*साँझको समय,*
*पशुपति मन्दिर शान्त थियो, तर मन भित्रभित्रै उथलपुथल ।*
*म ढुङ्गाको छेउमा बसिरहेको,*
*जहाँ पहिले तिमी बसेकी थियौ – मेरा नजिक ।*
*घण्टीको आवाजले आकाश फाटेजस्तो लाग्यो,*
*आरती चलिरहेको थियो, मानिसहरू नाचिरहेका थिए,*
*तर म भने आफ्नै आँसुमा डुबिरहेको थिएँ ।*
*मेरो नजर चितातिर गएको थियो –*
*त्यो धुवाँ... त्यो आगो...*
*जुनले कसैको जीवन अन्त्य गरिरहेको थियो,*
*ठ्याक्कै जस्तै तिमीले मेरो माया अन्त्य गरेझैं ।*
*तिमीले भनेकी थियौ:*
*“हामी सँगै बाँच्नेछौं, म मरे पनि तिमी मसँगै हुनेछौ ।”*
*तर आज, तिमी सात समुन्द्र पार छ्यौ –*
*र म ? म यहाँ छु – तिमी बिना जिउँदो लास भएर ।*
*तिमी सँग बिताएका ती पलहरू,*
*अब चिसो सम्झनाजस्तै छ –*
*न त तातो, न त मेटिने।*
*बस, एउटा बोझ... जुन बोक्दै छु म, मलामी भन्दा भारी ।*
*म आफैंलाई सोध्छु – के म तिमीलाई श्राद्ध गरूँ ?*
*तर म त अझै माया गर्छु,*
*र माया गर्नेले कहिल्यै चिता जलाउँदैन ।*
*सामुन्द्र पारी गएर तिमीले नयाँ जिन्दगी सुरु गर्‍यौ,*
*यहाँ, म भने तिमीलाई बिर्सन नसकेर,*
*पशुपतिमा धूपको बासना र चिताको धुवाँ सुँघ्दै*
*प्रेमको मृत्यु हेर्दै छु – दिनहुँ ।*

**-सुलभ पाण्डेय**

# दीपावली नजिकिँदै गर्दा ग्रामीण बस्तीका महिलाहरु हुक्काहुक्की बोकेर शहर धाउन थाले

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ३१ असोज**



दीपावली नजिकिँदै गर्दा सप्तरीका ग्रामीण बस्तीका महिलाहरु हुक्काहुक्की बोकेर सहर धाउन थालेका छन् । जिल्लाको मलेठ, दिघवा, जोलहरी, जमुनी, झल्ही, फर्सैठ, विषहरिया लगायतका गाउँका महिलाहरु बिहान सबेरै हुक्काहुक्की बोकेर राजविराज, सहरतिर निस्कन छन्। यहाँको बजारमा हुक्काहुक्कीको माग एकाएक बढेको छ।

उनीहरुले बनाएको एउटा हुक्काहुक्की १० देखि ५० रुपियाँसम्ममा बिक्री हुने गरेको छ। सस्तो मूल्यमा पाइने भएकाले ग्रामीणदेखि शहरी उपभोक्तासम्म यसमा आकर्षित हुने गर्छन्। फर्सैठका देवनारायण यादवका अनुसार हुक्काहुक्की परम्परागत रूपमा सनपाट (पटुवा वा जुट)को ठडरी ( सन्ठी) र खर प्रयोग गरी बनाइन्छ। “पहिले-पहिले घर-घरमै बनाइन्थ्यो, अहिले धेरैले बजारमा किन्ने गर्छन्,” यादव भन्नुहुन्छ, “यसको माग तिहारमा मात्रै हुन्छ, किनकि यो केवल खेलौना होइन, संस्कृतिको एउटा अंश हो ।” अहिले मूल कृषक खेतीपाति गर्न छोडेर सहरमा बस्न थालेपछि यसको खेती पनि थोरै मात्रामा भइरहेको छ भने हुक्कापाति खरिद गरेर मनाउनु परिरहेको छ।

गाउँघर बस्न छोडेको धेरै भयो, खेतीपाति पनि बटैयामा गरिरहेकोले सनपाटको खेती पनि कमै मात्रामा भइरहेको राजविराज निवासी डोमन साहले हुक्कापाति बनाउन आवश्यक सामग्री नुहँदा खरिद गर्नु परेको बताउनुभयो। आफु हुक्काहुक्की बनाउन सीप जानेको बताउँदै उहाँले भन्नुभयो, “नयाँ पुस्ताले हुक्काहुक्की बुझ्छन् की बुझ्दैनन् भन्न गाह्रो छ ।”

बायोबृद्ध शान्तिदेवीका अनुसार तिहारमा दीपावलीका दिन कुलदेवताको घरमा बालिएको दियोको आगो हुक्काहुक्कीमा सल्काएर चौबाटो, खेत, सार्वजनिक डगरमा खेल्ने चलन छ। “यो रमाइलो मात्र होइन, शुभ-अशुभको प्रतीक पनि हो । हुक्काहुक्कीमा आगो बलेको समय र दिशाले पनि भविष्यको सङ्केत दिन्छ भन्ने विश्वास छ,” उहाँ बताउनुहुन्छ । पुस्तौदेखि घरबाट दरिद्र भागोस्, शान्ति छाओस्, लक्ष्मीको वास होस् भन्ने विश्वासका साथ लक्ष्मी पूजा अर्थात् दिपावलीका दिन प्रत्येक घरको छानामाथि एक-एक वटा हुक्काहुक्की राखिने चलन रहेको ९० वर्षीय सीतावीप्रसाद साहले बताउनुभयो।


## तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

### पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।



३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक, तथा लामो कुराकानी नगर्नुहोस् · ब्याट्री बचाएर, ब्यालेन्स हालेर मोबाइल आफैंसँग राख्नुहोस् ।


४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस् ।- जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्दतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए १११५ र ११३३



५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस् र सुरक्षित स्थान तिर जाँदा संगै लानुहोस् ।

**अनुरोधकर्ता**
**जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


# मनुष्मारा खोलाले बगाएर एक बालिका बेपत्ता



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, ३१ असोज**

सर्लाहीको धनकौलमा मनुष्मारा खोलाले बगाएर एक बालिका बेपत्ता भएकी छन्। धनकौल गाउँपालिका-३, की सोनीकुमारी साह खोलाले बगाएर बेपत्ता भएकी हुन्।

साह बिहीबार दिउँसोदेखि नै खोलाले बगाएर बेपत्ता रहेको इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी निरन्जन भट्टराईले जानकारी दिनुभयो। बालिका लुगा धुन र नुहाउन भनी खोलामा पुगेकी थिइन्।

खोलाले बगाएर बेपत्ता बालिकाको शुक्रबार बिहानैदेखि खोजी जारी रहेको डिएसपी भट्टराईले बताउनुभयो । बेपत्ता बालिकाको खोजीका लागि महोत्तरीको बर्दीवासस्थित सशस्त्र प्रहरीको पृतनाबाट तालिम प्राप्त गोताखोर मगाइएको बरहथवा प्रहरीले जनाएको छ।

## तपाईको टुडे

**मेष:** मनमा पछुतो आउने
**वृष:** अशुभ समाचार प्राप्त हुने
**मिथुन:** अनावश्यक चिन्ता
**कर्कट:** पिछडेको साथी मिल्ने
**सिंह:** खानपानमा समस्या आउने
**कन्या:** आम्दानी हुने
**तुला:** अनावश्यक खर्चको संभावना
**वृश्चिक:** शुभ कार्यको शुरुवात
**धनु:** विचार गरेर बोल्नुहोला
**मकर:** लामो यात्राको योग छ
**कुम्भ:** मित्रतामा फाटो आउने
**मीन:** पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# गाजामा बेपत्ता १९ बन्धकको अवशेष खोज्दै टर्किएका विशेषज्ञ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ असोज**



टर्किएको रक्षा मन्त्रालयले गाजामा अझै बेपत्ता अवस्थामा रहेका भनिएका १९ जना बन्धकको अवशेष खोज्न सहयोग गर्नका लागि ८१ जना विपत् राहत विज्ञहरूलाई गाजातर्फ पठाउने बिहीबार जानकारी गराएको छ। रक्षा मन्त्रालयको स्रोतले जानकारी दिएअनुसार ८१ जना विपद् व्यवस्थापन प्राधिकरण (एएफएडी) का कर्मचारीहरूको टोली गाजामा पहिले नै सक्रिय रहेको छ।

टर्किएको गृह मन्त्रालय अन्तर्गतको यो निकायले मानवीय सहायता पुर्‍याउने, मृतकको अवशेष खोज्ने र युद्धविरामको अनुगमन गर्ने काम गर्नेछ। टर्किएको सैन्य बल संलग्न हुन सक्छ कि भन्ने प्रश्नमा, स्रोतले यो "एएफएडी जस्ता नागरिक संस्थाहरूको काम बढी हुने" तर सिद्धान्तमा सेनाले आवश्यक परेमा मद्दत गर्न सक्ने बताएको छ। एएफएडी उद्धारकर्मीहरू कठिन इलाकामा काम गर्न अभ्यस्त छन्। उनीहरूले सन् २०२३ फेब्रुअरीमा टर्किएको दक्षिणपूर्वमा गएको भूकम्पसहितका विपत्तिहरूमा सकुशल काम गरेका थिए।

# बालिका अधिकारको लागि अन्तरपुस्ता उत्सव

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ असोज**



१३औं अन्तराष्ट्रिय बालिका दिवसको अवसरमा जनकपुरमा बालिका अधिकारको लागि अन्तरपुस्ता उत्सव सम्पन्न भएको छ।

राष्ट्रिय किशोरी सञ्जाल र खेलकुद तथा समाज कल्याण मन्त्रालय मधेश प्रदेशको सहकार्य र बेलायती सरकार को सहयोगमा हामी दाजुभाइ, पिपल इन नीड र दिव्य विकास श्रोत केन्द्रको संयुक्त आयोजनामा भएको कार्यक्रममा खेलकुद तथा समाज कल्याण मन्त्रालयका निमित्त प्रदेश सचिव र जित कुमार यादवले बालिका अधिकार को लागि प्रदेश प्रतिबद्ध रहेको बताउँदै प्रदेशमा विद्यमान नीति र ऐन कार्यान्वयनमा सुझावको अपेक्षा व्यक्त गरे। राष्ट्रिय किशोरी सञ्जालकी केन्द्रिय सदस्य अञ्जली कुमारी कुसवाहाको अध्यक्षतामा भएको कार्यक्रममा मन्त्रालयका तर्फबाट निर्मला मिश्र, मधेश बालअधिकार परिषदका संजिव महतो, पिपल इन नीड, युनिसेफ, युनएफपीए, प्लान इन्टरनेशनल नेपाल लगायतका प्रतिनिधिहरुले पनि प्रतिबद्धता व्यक्त गरेका थिए। हामी दाजुभाइका अध्यक्ष सन्जोग ठकुरीले हालकै गतिमा काम गर्दा संसारभर बाल विवाह अन्त्य गर्न अझै ३०० बर्ष लाग्ने, विभेदकारी नीति नियम हटाउन २८६ बर्ष लाग्ने र कार्यक्षेत्रमा महिलाको नेतृत्वका लागि १४० बर्ष लाग्ने भएको हुनाले रणनीतिक ढंगबाट सबैको समन्वयमा अघि बढ्नुपर्ने बताइन।

राष्ट्रिय किशोर सञ्जालका लक्ष्मी महतोले बालिका सशक्तिकरणका लागि किशोरीहरु प्रतिबद्ध रहेको बताइन। जिल्ला प्रहरी कार्यलयका प्रहरी निरीक्षक निकिता कुमारी मिश्रले अनलाइन प्रयोग बढेसँगै अनलाइन असुरक्षा बढिरहेको हुनाले विशेष सर्तकता अपनाउनुपर्नेमा जोड दिइन्।

# रतौली युवा क्लबको ३४ औं वार्षिकोत्सव भव्य रूपमा सम्पन्न

**आरजे इर्शाद शेख**
**महोत्तरी, ३१ असोज**



रतौली युवा क्लबले आफ्नो ३४ औं वार्षिकोत्सव शुक्रबार जलेश्वर नगर पालिकास्थित आर. एस. थाकालिको सभा हलमा भव्य रूपमा सम्पन्न भएको छ।

सामाजिक रूपान्तरण, शिक्षा, स्वास्थ्य र पिछडिएको वर्गको हितमा तीन दशकभन्दा बढी समयदेखि क्रियाशील यस क्लबको कार्यक्रममा समाजसेवी, जनप्रतिनिधि, स्थानीय निकाय प्रमुखहरू तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।कार्यक्रम क्लबका अध्यक्ष मो. साकिर खानको अध्यक्षतामा सम्पन्न भयो। प्रमुख अतिथिका रूपमा जिल्ला समन्वय समिति, महोत्तरीका अध्यक्ष सुमन लाल कर्णको उपस्थिति रहेको कार्यक्रममा विशिष्ट अतिथिका रूपमा जिल्ला समन्वय समिति, धनुषाका अध्यक्ष राजानन्दन मण्डल, महोत्तरी गाउँपालिकाका अध्यक्ष दिलिप पाण्डे, बलबा नगरपालिकाकी उपप्रमुख रमदुलारी ठाकुर, मटिहानी नगर पालिकाका वडाध्यक्ष कलिम अन्सारी, जलेश्वर नगरपालिकाका वडा नं. ६, १०, ११, १२ का वडाध्यक्षहरू, पिपरा गाउँपालिकाका वडा नं. १, २ र ३ का वडाध्यक्षहरू, जिल्ला स्वास्थ्य कार्यालयकी प्रतिनिधि प्रतिभा सिंह, एनजिओ संघका दिलिप पाण्डे, समाजसेवी धर्मेन्द्र झा, कांग्रेस नेता बजरङ्ग नेपालीलगायत अन्य अतिथिहरू सहभागी थिए। कार्यक्रममा बाल क्लबका बालिकाहरूले स्थानीय संस्कृति झल्किने आकर्षक सांस्कृतिक प्रस्तुति दिएका थिए। स्वागत मन्तव्य दिँदै संस्थाका कार्यकारी निर्देशक बैथनाथ चौधरीले क्लबको ३५औं वर्ष प्रवेशप्रति हर्ष व्यक्त गर्दै सबै सदस्य तथा सहयोगीप्रति आभार प्रकट गरे। उनले क्लबले सामाजिक न्याय, शिक्षा, स्वास्थ्य तथा पिछडिएको वर्गको हकहितमा निरन्तर क्रियाशील भूमिका निर्वाह गर्दै आएको र भविष्यमा पनि यो अभियानलाई अझ सशक्त रूपमा अगाडि बढाइने जानकारी दिए। महोत्तरी गाउँपालिकाका अध्यक्ष दिलिप पाण्डेले संस्थाको ऐतिहासिक योगदानको स्मरण गर्दै भने, "हामी कक्षा आठमा हुँदा यो संस्था दर्ता भएको हो। त्यो समयमा पञ्चायती शासन थियो। त्यस्तो परिवेशमा पनि यस संस्थाले समाजको हितमा प्रशंसनीय कार्य गरेको छ।" उनले शिक्षा, बालबालिका र ज्येष्ठ नागरिकका क्षेत्रमा संस्थाको सक्रियता बढ्ने विश्वास व्यक्त गरे।कार्यक्रमको सञ्चालन संस्थाका कार्यक्रम अधिकृत राजेश पाण्डेले गरेका थिए। कार्यक्रममा विगत वर्षको आर्थिक विवरण र प्रगति प्रतिवेदन प्रस्तुत गर्दै क्लबले आगामी वर्षका योजनाहरू समेत सार्वजनिक गरेको थियो।

# नेपाल अपराजित रहँदै विश्वकप छनोटको च्याम्पियन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ असोज**



नेपालले अपराजित रहेर आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया पेसिफिक छनोटको उपाधि जितेको छ। शुक्रबार अन्तिम खेलमा सामोआलाई १२४ रनले हराउँदै नेपालले समूह चरणदेखि सुपर सिक्सका सबै खेल जितेर च्याम्पियन बनेको हो।

नेपालले दिएको २१२ रनको विशाल लक्ष्य पछ्याएको सामोआले २० ओभरमा ७ विकेट गुमाएर ८७ रन मात्र बनायो। सिन सोलियाले सर्वाधिक ४० रन बनाए। नेपालका लागि ललित राजवंशीले ३ विकेट लिँदा करण केसी, सन्दीप लामिछाने र रोहित पौडेलले १-१ विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले आसिफ शेख र दीपेन्द्रसिंह ऐरीको अर्धशतक मद्दतमा २० ओभरमा ४ विकेट गुमाएर २११ रन बनाएको थियो। आसिफले ४१ बलमा ७ चौका र ४ छक्कासहित ६९ रन बनाए। दीपेन्द्रले २ चौका र ४ छक्का सहित ५३ रन बनाए।

लोकेश बमले ११ बलमा ३९ रन बनाएर फिनिसिङ गरे। रोहित पौडेल २१ रनमा अविजित रहे। कुशल भुर्तेलले १७ रन बनाए। सामोआका लागि डानियल बर्गस, साउमानी ताइ, डारियस भिसर र नोआह मिडले १-१ विकेट लिए। नेपालले ११ वर्षपछि पहिलोपटक आईसीसीको प्रतियोगितामा कुनै उपाधि जितेको हो। यसअघि सन् २०२३ मा विश्वकप छनोटमा नेपाल फाइनलमा ओमानसँग सुपर ओभरमा पराजित भएको थियो। पछिल्लोपटक नेपालले सन् २०१४ मा आईसीसी डिभिजन चारको उपाधि जितेको थियो। त्यसअघि सन् २०१० मा डिभिजन ४ को उपाधि जितेको थियो।






# संगीता र टासीविरुद्ध देखिएको नश्लवाद

-कुनै निश्चित रंग, धर्म, समुदाय र वर्गको एकाधिकारको 'सर्वोच्चता' लाई वैधता दिने र बाँकीलाई 'अन्यकरण' गर्ने राष्ट्रवादको अभ्यास संसारैभरि छ, नेपालमा पनि यस्तो राष्ट्रवादको जग भत्किसकेको छैन। राष्ट्रवाद एक सांस्कृतिक अवधारणा पनि हो, यसले उत्पीडित जातजाति र समुदायलाई हेर्ने निश्चित विभेदकारी दृष्टिकोण तयार पारेको हुन्छ। जेन-जी विद्रोहपछि अन्तरिम सरकारले मन्त्रीमण्डल विस्तार गर्ने क्रममा जेन-जी पुस्ताको प्रतिनिधित्व गर्दै हुम्लाकी टासी ल्हान्जोम मन्त्री बन्ने सूचना सार्वजनिक भयो। नाम सार्वजनिक हुनेबित्तिकै 'उनी नेपाली नागरिक होइनन्' भन्ने प्रचारले व्यापकता पायो। मूलतः खसआर्य समुदायका राजनीतिक मात्रै होइन, युवा पुस्ताले पनि उनको अनुहारको बनोट, वंश र भाषाका आधारमा 'नेपाली नागरिक होइनन्' भन्ने प्रमाणित गर्न निकै ठूलो कसरत गरे। हिमाली आदिवासी समुदायकी टासीले 'नागरिकता' सार्वजनिक गरेर नेपाली भएको प्रमाणित गर्नुपर्ने परिस्थितिको सामना गर्नुपर्‍यो। हिन्दु पहाडी राष्ट्रवादी प्रभुत्वका कारण आदिवासी-जनजातिले राज्यसत्ता र शासक जातिलाई 'नेपाली नागरिक' भएको पटक-पटक प्रमाणित गर्नुपरेको छ। यो नश्लीय राष्ट्रवादको निकृष्ट नमुना हो। देशको नागरिकको सार्वभौमिकतामाथिको प्रहार मात्रै होइन, आदिवासी जनजातिमाथिको नश्लीय अत्याचार हो।

यस्तो अत्याचार मधेशी समुदायले अझ बढी खेप्नुपरेको छ। एक किसिमका पहाडी सम्भ्रान्त वर्ग मधेशीलाई अहिले पनि नेपाली मान्न तत्पर छैन। अहिले पनि मधेशी समुदायले 'नेपाली हुँ' भन्न नागरिकताको प्रमाणपत्र पेस गरिरहनुपर्ने बाध्यताबाट मुक्त हुन पाएका छैनन्। नश्लीय पहाडी राष्ट्रवाद यति हाबी हुन्छ कि मधेशीले राष्ट्रिय सरोकारका मुद्दामा आवाज उठायो भने त सिधै 'भारतीय एजेन्ट' को दर्जा दिइन्छ। नेपाली राज्यसत्ता मधेशीलाई स्वीकार गरिहाल्ने पक्षमा छैन। डा. संगीता कौशल मिश्रलाई अन्तरिम मन्त्रिपरिषद्मा सहभागी गराउनबाट रोक्नका लागि पनि उनको नागरिकतालाई हतियार बनाइयो। यति ठूलो जेन-जी विद्रोहको जगमा बनेको सरकारमा समेत मधेशी समुदायकी संगीता मिश्रको नाम काटिनुको पछाडिको मुख्य कारण पहाडी राष्ट्रवाद हो।

यति मात्रै होइन, नश्लीय राष्ट्रवाद अति लोपोन्मुख अवस्थामा रहेका आदिवासी जनजाति हुन् वा ऐतिहासिक आर्थिक-राजनीतिक र सामाजिक-सांस्कृतिक दमन र उत्पीडनमा पारिएका दलितलाई मानिसको दर्जासमेत दिन तयार छैन। शासक जाति र समुदायले निर्माण गरेको यस्तो नश्लीय राष्ट्रवादले नेपालको विविधता र बहुलतालाई अहिले पनि सम्मान गर्न सकेको छैन। कुनै निश्चित रंग, धर्म, समुदाय र वर्गको एकाधिकारको 'सर्वोच्चता' लाई वैधता दिने र बाँकीलाई 'अन्यकरण' गर्ने राष्ट्रवादको अभ्यास संसारभरि नै भइरहेको छ, नेपालमा पनि यस्तो राष्ट्रवादको जग अझै भत्किसकेको छैन। नेपालमा राष्ट्रवाद र राष्ट्रिता एकै किसिमले गोलमटोलमा प्रयोग



हुने गरेको देखिन्छ। राष्ट्रियता देशको भूगोल, जनसमुदाय, जातजाति, भाषा, संस्कृति र सबैका सार्वभौमसत्तामा अन्तरनिहित हुन्छ। समृद्ध देश निर्माणमा आन्तरिक राष्ट्रियता बलियो हुनुपर्छ, जसका लागि देशभित्रका सबै सार्वभौम नागरिकले समानताको प्रत्याभूति गर्ने परिवेश निर्माण गरिनुपर्छ। आन्तरिक राष्ट्रियता बलियो भयो भने मात्रै राष्ट्रिय एकता निर्माण हुने र बाह्य हस्तक्षेपविरुद्ध प्रतिरोध गर्न सम्भव छ। अर्कोतिर, राष्ट्रवाद राष्ट्रियताविरोधी दक्षिणपन्थी र प्रतिगामी अवधारणा हो। यसले कुनै निश्चित जाति, समुदाय वा राष्ट्रको जातीय श्रेष्ठतालाई वैधानिकीकरण गर्छ, अन्य समुदायको अस्तित्वमाथि प्रहार गर्छ वा 'अन्यकरण' गर्छ र सहअस्तित्वलाई अस्वीकार गर्छ। अन्य समुदायको सभ्यता, भाषा, संस्कृति र अस्तित्वलाई स्वीकार गर्दैन। एउटै नश्ल र जातिको एकाधिकारलाई संस्थागत गर्ने नश्लीय वा जातीय श्रेष्ठता राष्ट्रवादको जग हो।

नेपाल विविध सभ्यता, जातजाति, भाषा, धर्म र संस्कृतिको समष्टिसहितको देश हो अर्थात् सबैको अस्तित्वलाई स्वीकार गरियो भने मात्रै नेपालको राष्ट्रियता बलियो हुन्छ। तर, नेपाली राज्यसत्तामा खसआर्यको निरन्तर प्रभुत्व कायम छ। राजा महेन्द्रले स्थापित गरेको पहाडी खसआर्यको वर्चस्वमा आधारित एक जाति, एक भाषा, एक भेष र संस्कृतिको राष्ट्रवादी अवधारणा अहिले पनि अभ्यासमा छ। यसले खस-नेपाली भाषालाई मात्रै नेपाली भाषा मान्छ र अन्य मातृभाषीलाई नेपाली मान्न हिचकिचाउँछ। अन्य जाति, भाषिक-सांस्कृतिक समुदायमाथि घृणा गर्छ। २०७८ को जनगणनाअनुसार, नेपालमा १४२ जातजाति र १२४ मातृभाषा बोल्ने मानिस छन्। तीमध्ये करिब ४५ प्रतिशतले मात्रै खस-नेपालीलाई मातृभाषाका रूपमा अभ्यास गर्दै आएका छन् भने ५५ प्रतिशतले मातृभाषाको अभ्यास गरेका छन्। तर, नेपाली राष्ट्रवादी अवधारणाले मातृभाषी जनसंख्यालाई 'खाँट्टी' नेपालीका रूपमा स्विकार्दैन। यस्तो विभेदकारी राष्ट्रवादी अवधारणा नै नश्लीय वा जातीय राष्ट्रवादको जग हो। राष्ट्रवाद सांस्कृतिक अवधारणा पनि हो। यसले उत्पीडित जातजाति र समुदायलाई हेर्ने एउटा निश्चित विभेदकारी दृष्टिकोण तयार पारेको हुन्छ। जस्तो- खस-नेपाली भाषा नबोल्ने वा फरक जातीय-सांस्कृतिक पृष्ठभूमिका व्यक्तिलाई विदेशीले परिचालित गरेको ठान्ने र अराष्ट्रिय करार गर्ने सोच, चिन्तन र व्यवहार नश्लीय राष्ट्रवादको उपज हो।

साभार : कान्तिपुर।

## धनतेरसको पूर्वसन्ध्यामा जनकपुरधाममा ......................

सुनचाँदी व्यवसायी संघको अध्यक्ष पवन ठाकुरका अनुसार धनतेरसको पूर्वसन्ध्यामा यस किसिमको कार्यले सुनचाँदी व्यवसायी आतंकीत भएका छन् भने शनिवार हामी पसल खोल्छौ की खोल्दैनौ त्यो कुरा हामी बैठक बसेपछि थाहा हुने छ बताउनुभयो। साथै जनकपुरधाम उद्योग वाणिज्य संघको अध्यक्ष सुरेन्द्र भण्डारीलाई प्रहरीले निर्घात कुटपिट गरेको घटना ज्यादै नै अमर्यादित रहेको बताउनुभयो। उद्योग वाणिज्य संघको पूर्व अध्यक्ष ललित साहले समेत यो घटना जनकपुरधामको लागि अकल्पनीय रहेको बताउनुभयो। बिलबिजक बिनाको सुनचाँदी खरिद बिक्री भइरहेको भन्ने सूचनाको आधार मा प्रहरीको टोली शुक्रबार साँझ छापा मार्न पुगेको थियो। कति राउन्ड फायर भएको भन्ने बुझ्ने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय स्रोतले जनाएको छ।

**जनकपुरधामलाई सुन्दर,शान्त र सफा राखौं**




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश







अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday